# गढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट

| अनुसूची संख्या -२ | परिच्छेद संख्या -६ | पाना संख्या- ८ | मितिः- २०७८ चैत्र ०२ गते |
|---|---|---|---|

# निजी गुठी दर्ता सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिकाबाट पारित मिति २०७८/१२/०२

प्रमाणित मिति २०७८/१२/०३

**आज्ञाले,**

नामः- नागेन्द्र यादव

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

CamScanner

# निजी गुठि दर्तासम्बन्धी कार्यविधि, २०७८

प्रस्तावनाःगढीमाई नगरपालिका अन्तर्गत स्थापना गरिने नयाँ संस्थागत विद्यालयहरुलाई निजी गुठीमा दर्ता गरि कक्षा सञ्चालनको अनुमति प्रदान गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा११(२) को (ज) उपदफा (२) बमोजिम गढीमाई नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ।

## परिच्छेदः १ प्रारम्भिक

१. यो कार्यविधिको नाम "निजी गुठी दर्तासम्बन्धी कार्यविधि, २०७८" राखिएको छ।

२. यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्विकृत भएको मिति देखि नगरपालिका भित्र लागु हुनेछ।

## परिच्छेदः २ परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।

ख) "नगरपालिका" भन्नाले गढीमाई नगरपालिका सम्झनु पर्छ।

ग)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

घ)"समिति" भन्नाले निजी शैक्षिक गुठी दर्ता समितिलाई सम्झनुपर्दछ।

ङ)"सामाजिक विकास शाखा" भन्नाले नगरपालिकाको सामाजिक विकास प्रमुखको रुपमा जिम्मेवारि प्रदान गरिएको व्यक्ति सम्झनुपर्दछ।

च) "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखाको प्रमुखलाई सम्झनुपर्दछ।

छ) "शैक्षिक गुठी" विद्यालय सञ्चालन गर्नको लागि कुनै नाफा नलिने उद्देश्यले स्थापना गरेको निजी गुठी सम्झनुपर्छ।

## परिच्छेदः ३ शैक्षिक गुठी दर्ता समिति सम्बन्धी व्यवस्था

४. निजी शैक्षिक गुठी दर्ताको निर्णय गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको एक "निजी शैक्षिक गुठी दर्ता समिति" रहनेछ।

(क) प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य

(ग) नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

५. गुठी दर्ता समितिको काम कर्तव्य र अधिकार गुठी दर्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निजी शैक्षिक गुठिको लागि प्राप्त भएका निवेदन तथा विधानको अध्ययन गर्ने र नियमानुसार अन्तिमिकिकरण गर्ने

ख) गुठी विधान दर्ताको लागि बैठक राखि निर्णय गर्ने

ग) गुठी विधान प्रमाणिकरण गर्ने गराउने

घ) गुठी दर्ता प्रमाणपत्र प्रदान गर्न प्रमुख प्रशासकिय अधिकृतलाई सिफारीस गर्ने

## परिच्छेद- ४ शैक्षिक गुठी दर्ता प्रक्रिया

६. निजी शैक्षिक गुठी दर्ता प्रक्रिया देहाय बमोजिम हुनेछः

क) कुनै पनि नेपाली नागरिकले निजी शैक्षिक गुठी दर्ता गर्न चाहेमा गुठिको विधान, गूठियारहरुको निर्णय र नागरिकताको प्रमाणपत्र सहित अनुसुचि-१ बमोजिमको ढाँचामा नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ, जसमा देहायका कुरा अनिवार्य रुपमा खुलाएको हुनुपर्नेछ।

अ. विद्यालयको नाम र ठेगाना

आ. शैक्षिक गुठिका संस्थापकको नाम र ठेगाना

इ. शैक्षिक गुठिका गुठियार तथा गुठियारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल

ई. गुठियारको काम कर्तव्य अधिकार तथा निजहरुले पाउने सुविधा

उ. शैक्षिक गुठीमा रहेको घर जग्गा आम्दानी ऋण तथा अन्य सम्पतिको विवरण

ऊ. अन्य आवश्यक कुराहरु

ख)निजी शैक्षिक गुठी दर्ताको लागि निवेदन प्राप्त भएपछि गुठिको विधान सहित उक्त निवेदन सदस्य सचिवले समिति समक्ष पेस गर्नेछ।

ग) समितिले विधान अन्य आवश्यक कुराहरु जाँचबुझ गर्नेछ र आवश्यक ठानेमा सो गुठिको अवलोकन निरीक्षण समेत गरि गुठी दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ।

घ) गुठी दर्ता गर्न मनासिव देखिएमा उक्त समितिको सिफारीसमा प्रमुख प्रशासकिय अधिकृतले अनुसुचि २ बमोजिमको ढाँचामा निर्जीगुठी दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ।

तर देहायका विद्यालयलाई निजी शैक्षिक गुठिको रुपमा दर्ता गरिनेछैनः

अ. सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय

आ. सरकारी वा सार्वजनिक जग्गामा सञ्चालन भएको विद्यालय

इ. कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय।

तर कुनै व्यक्ति वा सस्थाले निजी गुठीको रुपमा विद्यालय स्थापना तथा सञ्चालन गर्नेगरी कुनै विद्यालयलाई भवन वा जग्गा दान दातव्य दिएमा त्यस्तो विद्यालय निजी गुठिको रुपमा सञ्चालन गर्न सकिने छ।

ङ) निजी गुठी दर्ता सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेदः ५ शैक्षिक खारेजी प्रक्रिया

६. निजी शैक्षिक गुठी खारेजी प्रक्रिया देहाय बमोजिम हुनेछः

क) कुनै पनि नेपाली नागरिकले निजी शैक्षिक गुठी दर्ता गरि प्रचलित ऐन, कानुन बमोजिम उक्त गूठी सञ्चालन नभएको वा नगरिएको जानकारी प्राप्त हुन आएमा समितिले सो गूठिको अनुगमन तथा नीरिक्षण गर्नेछ ।

ख) अनुगमन तथा नीरिक्षणको क्रममा सो गुठी ऐन, कानुन विपरित सञ्चालन भएको पाईएमा समितिले दुई पटक सम्म सचेत गराउनेछ ।

ग) सचेत गराँउदा पनि अटेर गरेमा समितिले उक्त शैक्षिक गुठी खारेज गर्नेछ । तर गुठी खारेज गर्नुपूर्व समितिले सम्बन्धीत गुठियारहरुलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

घ) गुठी खारेज गरे पश्चात उक्त गुठिको नाममा रहेको सम्पति नगरपालिकाको स्वामित्वमा रहनेछ ।

ङ) निजी गुठी खारेजी सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६ विविध

८. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहायबमोजिम हुनुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा रहनेछ ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा संचालन बोर्ड (ट्रष्टी) मा सार्वजनिक भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य हुनुपर्नेछ ।

(ग) शैक्षिक गुठिको आयव्ययको लेखा सर्वमान्य लेखा प्रणालीमा राखि मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरिक्षण गराउनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि उत्तराधिकारी तोक्न सक्नेछ

९. निजी शैक्षिक गुठिमा सम्बन्धीत विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठियार हुनेछ।

१०. निजी गुठिमा दर्ता भएको शैक्षिक संस्थाले वार्षिक रुपमा नगरपालिकाले तोकेको कर तिर्नुपर्नेछ।

११. यस कार्यविधिमा लेखिएका विषयहरुको संशोधन, बचाउ र खारेजि गढीमाई नगरपालिकाको कार्यपालिकाले गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि-१

निजी शैक्षिक गुठी दर्ताको लागि दिईने निवेदन

(परिच्छेद ३, दफा ६ (क) सँग सम्बन्धीत)

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु,
गढीमाई नगरपालिका,नगर कार्यपालिकाको कार्यालय
समनपुर, रौतहट।

प्रस्तुत विषय सम्बन्धमा हामी ...... जना गुठियारहरु मिलेर निजी शैक्षिक गुठी स्थापना गरि शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्ने योजना रहेकोले तपसिलका कागजात सहित गुठी विधान पेश गरेका छौँ। उक्त विधान बमोजिम निजी शैक्षिक गुठी दर्ता गरिदिन हुन सादर अनुरोध गर्दछौं।

निवेदकहरु

१.

२.

३.

४.

संलग्न कागजातहरुः

१. निजी शैक्षिक गुठी विधान २ प्रति

२. सम्पुर्ण गुठियारहरुका नागरिकताका प्रतिलिपिहरु

३. शैक्षिक गुठी स्थापना गर्ने गुठियारहरुको निर्णयको प्रतिलिपि

अनुसुचि-२

निजी शैक्षिक गुठि दर्ताको प्रमाणपत्र

(परिच्छेद ३, दफा ६ (घ) सँग सम्बन्धीत)

गढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट

## प्रमाण पत्र

यस गढीमाई नगरपालिका वडा नं. ..... रौतहट स्थित श्री .......... लाई शिक्षा ऐन २०२८ (संशोधन सहित), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ११ अनुसार सम्वत् ....... साल ...... महिना ...... गते...... रोज मा निजी शैक्षिक गुठीको रुपमा यस कार्यालयमा दर्ता गरिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

शैक्षिक गुठी दर्ता नं. .....

मितिः- ...............

प्रमुख प्रशासकिय अधिकृत